मिति -२०८२/०१/२८ गते (आइतबार)    स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष

बैठक संख्या -४५    समय - बिहान - ८-०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्ष तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | कार्यालय | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अधिकृत | श्री शिवराज चौलागाई | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | [signature] |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | [signature] |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | [signature] |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | [signature] |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | [signature] |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | [signature] |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | [signature] |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | [signature] |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | [signature] |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | [signature] |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | [signature] |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | [signature] |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | [signature] |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | [signature] |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | [signature] |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | [signature] |

| | | | | |
|---|---|---|---|---|
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखरेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नं: ०६१-५१५
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


पत्र संख्याः ०८१/८२
चलानी नं. ६९८८

मितिः २०८२/०१/२६

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ४५औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची(एजेण्डा) यसैसाथ संलग्न छ ।

**तपशिलः**

**मितिः** २०८२ बैशाख २८ गते (आइतबार)

**समयः** बिहान ८:०० बजे

**स्थानः** पोखरा महानगरपालिकाको सभाकक्ष ।

.......................
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

**सादर अवगतार्थः**

श्रीमान् प्रमुखज्यू/उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

# पोखरा महानगरपालिका

## न्यूरोड, पोखरा

## कार्यपालिकाको ४५ औं बैठकका प्रस्तावहरुः

१. ४४ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।
२. न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७८ संशोधन सम्बन्धमा।
३. Green Venture Zone निर्माणका लागि पुराना संरचना हटाउन बजेट व्यवस्थापन सम्बन्धमा।
४. पोखरा महानगर क्षेत्रभित्रको पार्किङ शुल्क सम्बन्धमा।
५. सेवा करार टुटेका स्वास्थ्यकर्मीको माग सम्बन्धमा।
६. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य रणनीति तथा कार्ययोजना २०८१ स्वीकृत सम्बन्धमा।
७. प्रदेश नीति योजना आयोगमा आ.व २०८२/८३ का लागि "समपूरक तथा विशेष" योजना (३/३ वटा) छनौट सम्बन्धमा।
८. पोखरा महानगरपालिका प्राविधिक समितिबाट सिफारिस भएको वडा नं १३ निवासी जुनीमाया गुरुङको घर निर्माण सम्बन्धमा।
९. नगर कार्यपालिकाको मिति २०७९/१२/१० को १६औं बैठकको निर्णय नं ३० बाट भएको निर्णयानुसार दुग्ध विकास संस्थानलाई उपलब्ध गराउन सिफारिस गरिएको जगाको चार किल्ला सम्बन्धमा।
१०. जिल्ला प्रशासन कार्यालय स्थित आप्रवासी स्रोत केन्द्र भवन निर्माणका लागि बजेट विनियोजन सम्बन्धमा।
११. मेगा बचत तथा ऋण सहकारी संस्थाको पदाधिकारी वा कर्मचारीको रोक्का जायजेथा फुकुवा गर्ने सम्बन्धमा।
१२. सरसफाई शाखाको लागि खरिद भएको ब्रुमर फिर्ता सम्बन्धमा।
१३. विविध ।

**क.** नेपाल नगरपालिका संघको भवन निर्माणका लागि अनुदान सहयोग माग सम्धन्धमा।

**ख.** वडा नं १५ को अस्थायी घर, टहरा तथा भवनहरुको मूल्याङ्कन तथा घरबाटो सिफारिस सम्बन्धमा।

**ग.** पर्यटन बोर्डसँगको साझेदारी कार्यक्रम सम्बन्धमा।

**घ.** वडा नं ३१, पचभैया स्थित बसपार्कको डि.पि.आर. स्वीकृति सम्बन्धमा।

**ङ.** सुचिकृत बेरोजगारको दर्ता अनुमोदन सम्बन्धमा। (जम्मा १०२७)

**च.** BNT Construction को ठेक्का सम्झौता अन्त्य गर्ने सम्बन्धमा। (वडा नं १०)

**छ.** रामघाटको/ काहुँखोला बस्तीको नदीजन्य वस्तुहरु नियमानुसार निकासी गर्ने सम्बन्धमा। ( वडा नं ९)

**ज.** वडा नं ३० मा रहेको शिशुवा स्वास्थ चौकीमा केही सेवाहरु थप गर्नुपर्ने जस्तै प्रशुति विशेषज्ञ सेवा तथा दरबन्दी थप गर्ने,आखा सम्बन्धी सेवा संञ्चालन गर्ने र प्रभाह भइ रहेका सेवाहरु मध्ये ल्याव र X-ray सेवा २४ घण्टै चलाउने तथा साधन स्रोतहरुको व्यवस्था गरी सेवा थप प्रभावकारी बनाउनु पर्ने साथै अस्पतालको लागी भवन थप सम्बन्धमा।

**झ.** वडा नं ३० को दक्षिण तर्फ खल्याण स्थित रहेको बाल क्लबको भवन आसपासको जगा वडा नं २९ र ३० को सिमाना सम्बन्धमा एकिन नभएकोले एकिन गर्न प्रकृया अगाडी बढाउने सम्बन्धमा।

**ञ.** वडा नं २९ स्थित दिव्य भ्यू पोईन्ट (खुईले डाँडा पार्क) र रंगशालाको डि.पि.आर रकम रु. ५ लाख भुक्तानी सम्बन्धमा।

**ट.** संगमचोक, बाटो, कुलो १० लाख सेतो किताब सिनं. ३९१ (रातो किताबमा छुट भएको)

प्रमुख प्रशासकीय अधिकृत

## पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## ४५ औँ कार्यपालिका बैठक (मिति २०८२/०१/२८) का निर्णयहरुः

### निर्णय नं १

४४ औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

### निर्णय नं २

पोखरा महानगरपालिका विधायन समितिबाट पेश भएको न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन),२०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

कोरियन दातृ निकाय KOICA र संयूक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को व्यवस्थापनमा सञ्चालन भईरहेको Green Job Creation Through Recycling and Up cycling (GCRU) परियोजना अन्तर्गत Green Venture Zone (GVZ) अर्थात् कोशेली घर निर्माण कार्य गर्नका लागि उक्त स्थानमा रहेका पुराना संरचना हटाई Site clearance गर्न आवश्यक भएको हुँदा सो संरचना भत्काउदा लाग्ने पर्यटन तथा शहरी विकास महाशाखाबाट पेश भएको लागत अनुमान रु ५,५७,४८९।- स्वीकृत गरी सोही महाशाखा अन्तर्गतको उपयुक्त शिर्षकबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

### निर्णय नं ४

प्रदेश नीति योजना आयोग, गण्डकी प्रदेशमा आर्थिक बर्ष २०८२/०८३ का लागि समपूरक अनुदानबाट सञ्चालन गर्न सकिने तीन वटा आयोजना र विशेष अनुदानबाट सञ्चालन गर्न सकिने तीन वटा आयोजना छनौट गरी आयोजना सिफारिस गरी पठाउन योजना, अनुगमन तथा सूचना प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

### निर्णय नं ५

दुग्ध विकास संस्थानबाट जग्गा उपलब्ध गराईदिन महानगरपालिकामा अनुरोध भएको र संभावित स्थान पोखरा महानगरपालिका वडा नं २५ र ३३ मा रहेको भनी वडा कार्यालयहरुबाट सिफारिस भएको हुँदा वडा नं ३३ र वडा नं २५ को पर्ति जग्गा मध्ये त्यस्तो जग्गाको चार किल्ला र क्षेत्रफल खोली जग्गाको संरक्षण र उपयोग हुने गरी स्थान छनौट गरी दुग्ध विकास संस्थानलाई जग्गा उपलब्ध गराउन नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं ६

जिल्ला प्रशासन कार्यालय, कास्कीको राहदानी शाखासंगै आप्रवासी स्रोत केन्द्रको सेवा प्रवाह कक्ष स्थापना गरी सेवा प्रवाह गर्दा प्रभावकारी हुने सुझाव प्राप्त भएकोमा यस आ.व. २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा स्रोत सुनिश्चित् नभएको हुँदा जिल्ला प्रशासन कार्यालयको परिसरमा आप्रवासी स्रोत केन्द्र कक्ष निर्माणका लागि प्राविधिकबाट तयार भएको लागत अनुमान रकम रु ८,२३,०००।- (आठ लाख तेईस हजार मात्र) आ.व. २०८१/८२ को बार्षिक विकास कार्यक्रममा विनियोजित बजेट उपशिर्षक नं ८०४३९२०१७०१ अर्थ विविधबाट नियमानुसार भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

पोखरा महानगरपालिकाको क्षेत्राधिकार भित्र रहेको मेघा बचत तथा ऋण सहकारी संस्था लिमिटेड आर्थिक रूपमा संकटापन्न भई कार्यालय बन्द रहेको र सो संस्थाका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुको जायजेथा यस कार्यालयद्वारा रोक्का राखिएकोमा यस सम्बन्धमा विषय विज्ञद्वारा प्रस्तुत वित्तीय विश्लेषणले औंल्याए बमोजिमका आफ्नो दायित्व फरफारक गर्न माग गर्ने पदाधिकारी तथा कर्मचारीहरु र दाखिला गर्नुपर्ने रकमको विवरण महानगरपालिका सहकारी शाखाबाट एकिन गरी एवं अन्य दायित्व बाँकी भए/नभएको व्यहोरा समेत जाँचबुझ गरी आफ्नो जिम्माको दायित्व रकम सहकारीमा दाखिला गर्न निर्देशन दिने निर्णय गरियो । साथै दायित्व रकम दाखिला/भुक्तानी भएमा सो संस्थाका सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुको यस कार्यालयद्वारा रोक्का राखिएको जायजेथा नियमानुसार फुकुवा गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिकामा सडकहरु मेशिन प्रयोग गरी सरसफाई गर्नका लागि ठेक्का नं १२२/PMC/NCB/G/2080-81 बमोजिम ठेक्का प्राप्त कम्पनी श्री Auto-Electro-Mech Pvt. Ltd. संग मिति २०८१/०५/११ मा ठेक्का सम्झौता बमोजिम SKID STEER LOADER WITH SWEEPER COLLECTOR AND ATTACHMENT मेशिन खरिद गर्ने निर्णय गरी मिति २०८१/०५/१२ मा कार्यादेश दिइएको । ठेक्का प्राप्त कम्पनीबाट मेशिन आपूर्ति भएपछि दाखिला गर्ने प्रयोजनका लागि महानगरपालिकाको नाममा नामसारी गरिदिन यातायात व्यवस्था कार्यालय पोखरामा लेखि पठाईएकोमा सो कार्यालयले ग १ क ६४८० नं.SKID STEER LOADER बाट ग १ ग ३१३ नं. लोडर (ईन्जिन नं.15033M, च्यासिस नं. TEP1340RC01139997) उल्लेख गरी महानगरपालिकाको नाममा दर्ता नामसारी भएको । उक्त भारी सवारी साधन महानगरपालिकामा दाखिला गर्नुपूर्व सम्झौता बमोजिमको Technical Specification भए/नभएको सम्बन्धमा हेभी ईक्वीपमेन्ट डिभिजन पोखराका मेकानिकल ईन्जिनियरबाट जाँचबुझ गरी पेश भएको प्रतिवेदनमा Dimension of Sweeper Attachment र Quality of Sweeping खरिद सम्झौता बमोजिम नभएको देखिएको । महानगरपालिकाबाट सम्झौतामा उल्लिखित शर्त र Specification बमोजिम मेशिन उपलब्ध गराउन उक्त कम्पनीलाई ताकेता गर्दा समेत लामो समयसम्म पनि उपलब्ध नगराएको । उक्त कम्पनीबाट Supply गरिएको लोडर महानगरपालिकाको नाममा दर्ता नामसारी भएता पनि महानगरबाट उक्त कम्पनीलाई कुनै रकम भुक्तानी नगरिएको र सम्झौतामा उल्लिखित शर्त र Specification बमोजिम नभएकोले महानगरपालिकाको नाममा लगत कट्टा गरी उक्त मेशिन आपूर्तिकर्ता कम्पनी श्री Auto-Electro-Mech Pvt. Ltd. कै नाममा सवारी धनी प्रमाणपत्र कायम गरिदिन यातायात व्यवस्था कार्यालय पोखरामा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं ९**

नेपाल नगरपालिका संघले सबै नगरपालिकाहरुको संविधान प्रदत्त अधिकार स्थापित गराउने तथा नगरपालिकाहरुको कार्य सम्पादनमा सहजीकरण एवं समन्वय गर्ने निकाय भएको हुँदा सो संस्थाबाट भवन निर्माण गर्न अनुदान सहयोगका लागि महानगरपालिकामा अनुरोध भए बमोजिम आ.व. २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा समावेश गरी अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं १०

पोखरा महानगरपालिका वडा नं ३१ स्थित पचभैया बसपार्क निर्माण गर्ने सम्बन्धमा यसको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक देखिएकोले ३१ नं. वडा कार्यालयको अनुरोधमा महानगरपालिकाको १६औं नगरसभाबाट रु. १०,००,०००।- विनियोजन भएकोमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि प्राविधिकबाट पेश भएको लागत ईष्टिमेट स्वीकृत गरी DPR तयार गर्न लगाउने निर्णय गरियो।

## निर्णय नं ११

पोखरा महानगरपालिकाका विभिन्न वडामा बेरोजगारी सूचिकृत गर्नका लागि २०८१ फाल्गुण महिनामा महानगरबाट प्रकाशित भएको सूचना बमोजिम पेश भएका निवेदनहरु मिति २०८१ चैत्र महिनामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित EMIS प्रणालीमा ईन्ट्री भई सुचिकृत भएका जम्मा १,०२७ जना बेरोजगारहरुको दर्ता अनुमोदन गर्ने निर्णय गरियो।

## निर्णय नं १२

पोखरा महानगरपालिका र BNT Construction वीच मिति २०८०/०२/०१ मा भएको ठेक्का सम्झौता बमोजिम महानगरपालिकाको वडा नं १० मा सडक नाला निर्माण लगायत सडक स्तरोन्नति गर्न सो क्षेत्रमा सडक मापदण्ड अतिक्रण गरी निर्माण भएका स्थायी/अस्थायी घर टहरा लगायतका संरचनाहरु हटाउन स्थानीय बासिन्दाबाट अवरोध भएको र सोही कारण देखाई निर्माण व्यवसायीबाट सुविस्ताका आधारमा ठेक्का रद्द गरिदिन मिति २०८०/०७/२८ मा अनुरोध भएको र १० नं. वडा कार्यालय समेतबाट ठेक्का रद्द गरिदिन मिति २०८०/११/१४ मा सिफारिश भएको सम्बन्धमा चालु ठेक्का रद्द गरी नयाँ ठेक्का आव्हान गर्दा त्यसको औचित्य, आधार र कारण स्पष्ट हुनु पर्ने. समयको कारण आयोजना कार्यान्वयनमा ढिलाई हुने एवं आयोजनाको लागत बढ्न जाने हुँदा निर्माण व्यवसायी BNT Construction बाटै निर्माण कार्य गराउने निर्णय गरियो। साथै सम्झौता बमोजिम निर्माण Site Clearance गरिदिने दायित्व प्रथम पक्षको हुने भएकोले छिमेकी वडाहरु लगायत जनप्रतिनिधिहरुको सहयोगमा सडक मापदण्ड Clear गराई आवश्यक सहजीकरण गर्ने समेत निर्णय गरियो।

## निर्णय नं १३

पोखरा महानगरपालिका वडा नं ९, १० र ११ सिमाना स्थित रामघाट क्षेत्रको सेती नदी किनारमा रहेको नदीजन्य निर्माण सामग्री र वडा नं १३ स्थित काहुँखोलाको नदीजन्य सामग्री उत्खनन्, घाटगद्दि र निकासी गर्ने सम्बन्धमा नेपाल सरकारद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा उल्लेख भएको प्रक्रिया, मापदण्ड र यस सम्बन्धमा गण्डकी प्रदेश सरकारद्वारा निर्मित कानूनको प्रावधान बमोजिम IEE को व्यवस्था एवं प्राविधिकबाट उत्खनन् र निकासी गर्नुपर्ने परिमाण एकिन गर्ने निर्णय गरियो। साथै सो क्षेत्रको वडाबस्ती/टोललाई बाढीको सम्भावित विपद् जोखिमबाट जोगाउनुपर्ने अवस्था रहेको र वडा एवं जनस्तरबाट समेत माग भई आएको हुँदा IEE एवं प्राविधिकबाट सिफारिश भएको परिमाण नदी/खोलाबाट उत्खनन् र निकासी गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा मेशिन प्रयोग गर्न सहमति/अनुमति माग गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

पोखरा महानगरपालिका ३० नं. वडा कार्यालयबाट शिशुवा स्वास्थ्य अस्पतालमा प्रसुती विशेषज्ञ सेवा विस्तार गर्ने, दरबन्दी थप गर्ने, आँखा सम्बन्धी सेवा सञ्चालन गर्ने र प्रवाह भईरहेका सेवाहरु मध्ये ल्याव र X-ray सेवा २४ सै घण्टा चलाउने तथा साधन स्रोतहरुको व्यवस्था गरी समग्र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने एवं अस्पतालको लागि भवन थप गर्नुपर्ने विषय माग भई आएको सम्बन्धमा आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा उक्त विषयहरु समावेश गरी आवश्यक बजेट विनियोजनका लागि आगामी नगरसभामा प्रस्ताव गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

पोखरा महानगरपालिका वडा नं ३० को दक्षिण तर्फ खल्याण स्थित रहेको बाल क्लबको भवन आसपासको जग्गा वडा नं २९ र ३०को सीमानामा पर्न गई सीमाना एकिन हुन नसकेको र पोखरा महानगरपालिका वडा नं २६ र २८ सीमानाको केही भागमा समेत सीमाना एकिन गर्न कठिनाई भएकोले वडा कार्यालयहरुबाट सीमाना स्पष्ट गरिदिन अनुरोध भएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयमा कार्यरत नापी प्राविधिक (अमिन) समेत रहेको नापी अधिकृत/सर्भेक्षकको टोली स्थलगत रुपमा खटाई आवश्यक देखिएमा नापी कार्यालय समेतको सहयोगमा सीमा क्षेत्रको नापजाँच गरी सीमाना एकिन गरी १५ दिनभित्र महानगरपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं १६**

महानगरपालिकामा स्थानाभावका कारण आर्थिक विकास महाशाखाको लागि बहालमा लिएको पोखरा म.न.पा-७ स्थित घरको घरधनी श्री विनोद पौडेलबाट घरको बहाल रकममा बृद्धि गरी बार्षिक रु. ५०,०००।- भन्दा बढी कायम हुने भएकोले नगर कार्यपालिकाको मिति २०८१/०९/२५ को ३९ औं (दोस्रो बैठक) बाट बृद्धि भएको रकम स्वीकृति भएको तथा घर बहाल सम्झौता अवधि २०८१ माघ मसान्तसम्म कायम रहेकोमा र सो घरको बहाल सम्झौता अवधि अन्तिम पटकको लागि २०८२ असार मसान्तसम्म कायम गरी सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं १७**

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराबाट तथ्याङ्क अधिकृत पदमा यस कार्यालयमा नियुक्तिका लागि सिफारिस हुनुभएका श्री सृसा रिजालको कार्यालयले गरेको स्थायी नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं १८**

जिल्ला प्रहरी कार्यालय, कास्कीको च.न. १९९८६, मिति २०८२/०१/१९ को पत्रबाट पोखरा महानगरपालिका वडा नं ३० स्थित जगत कल्याण दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको छानबिन अनुसन्धान कार्यका लागि १(एक) जना विज्ञ खटाई पठाइदिन अनुरोध भई आएको सम्बन्धमा पोखरा महानगरपालिकाको सहकारी समिति सदस्य श्री दिपक प्रकाश आचार्यलाई नेपाल सरकारले उपसचिव (नवौं तह) पद/तह सरहको एक महिना बराबरको सुविधा महानगरबाट नै उपलब्ध गराउने गरी उक्त कार्यका लागि विज्ञ तोकि पठाउने निर्णय गरियो।

**निर्णय नं १९**

पोखरा महानगरपालिका वडा नं ३२ स्थित अस्थायी ल्याण्डफिल साइट सेती नदीको कटानले गर्दा बस्ती जोखिमा परेकोले सो क्षेत्र वरपरको वस्ती तत्काल् संरक्षण गर्नुपर्ने भएकोले तपशिल बमोजिमको आयोजना तथा कार्यक्रमको बजेट रकमान्तर गरी बजेट व्यवस्था गर्न माग भई आए बमोजिम रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.स | शिर्षक | खर्च केन्द्र | बजेट शिर्षक | विनियोजित रकम (हजारमा) | थप हुने रकम (हजारमा) | घट रकम (हजारमा) | रकमान्तर पछिको रकम (हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १ | ट्राफिक लाइट क्रमागत | पर्यटन तथा शहरी विकास | ३११५३ | २०००० | ० | ५००० | १५००० |
| | लामेआहाल बस्ती तथा सतिघाट संरक्षण योजना | पर्यटन तथा शहरी विकास | ३१११९ | ० | ५००० | ० | ५००० |

**निर्णय नं २०**

विगत बर्ष देखि नै नेपाल चीन मैत्री खेलको रुपमा पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, चिनिया राजदुतावास र अन्य सरोकारवालाको साझेदारी एवं सहकार्यमा पोखरामा बार्षिक रुपमा सञ्चालन हुदैँ आएको अन्तराष्ट्रिय ड्रागन बोट रेस प्रतियोगिता र क्रसकन्ट्री दौड प्रतियोगिता यस आर्थिक बर्षमा सम्पन्न गर्दा लागेको खर्च स्रोत एकिन गरी नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं २१ (पुरक)**

महानगरको मिति २०८१/१२/२५ गतेको ४४औं कार्यपालिका बैठकको निर्णय नं. १२ बमोजिम अटिजम भएका बालबालिकाहरुको लागि महानगरपालिका, अभिभावक र सरोकारवालाहरुको सहयोगमा थेरापी तथा सिकाइ कक्षा लगायतका कक्षा सञ्चालन गर्न प्रस्ताव भएका १२८ जना अटिजम भएका बालबालिकाहरुका लागि आवश्यक बजेट सहित स्रोतकक्षा सञ्चालन गर्न अनुमति माग भएको सम्बन्धमा स्रोत कक्षा सञ्चालन गर्न तपशिल बमोजिम रकमान्तर गरी स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो।

| क्र.स | शिर्षक | खर्च शिर्षक नं | खर्च केन्द्र | विनियोजित रकम (रु हजारमा) | थप हुने रकम (रु हजारमा) | घट रकम (रु हजारमा) | रकमान्तर पछिको रकम (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्व स्वयंसेवक परिचालन | २२४१९ | न.का.का | १६००० | ० | २५०० | १३५०० |
| | १. जानकी मा.वि.अटिजम भएका विध्यार्थीका लागि कक्षाकोठा रंग रोगन, कम्पाउण्ड र शौचालय निर्माण | ३१११२ | १७ | ० | २००० | ० | २००० |
| | २. जानकी मा.वि.अटिजम भएका विध्यार्थीका लागि कक्षा कोठामा फर्निचर तथा फिक्चर्स | ३११३३ | १७ | ० | ५०० | ० | ५०० |
| २ | अपांगता भएका बालबालिकालाई शिक्षामा पहुँच | २२५२९ | सामाजिक | १००० | ० | १००० | ० |
| | १. जानकी मा.वि. अटिजम स्रोत कक्षा सञ्चालनको आवश्यक सामाग्री खरिद तथा आया परिचर तलब भत्ता लगायतको प्रशासनिक तथा व्यवस्थापन खर्च वडा नं १७ | | शिक्षा | ० | १००० | ० | १००० |